
GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland




# महिला र बालबालिकासँग ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना

RVWRMP

*(२०७६ माघ २७ र २८ गतेको मर्यादित महिनावारी व्यवस्थापन कार्यशाला गोष्ठीमा व्यक्त भएका विचारमा आधारित)*

FCG

# महिला र बालबालिकासँग ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण (२०७२-२०७९) नेपाल सरकार, युरोपेली युनियन, फिनल्याण्ड सरकार, स्थानीय तहहरु र उपभोक्ता समुदायद्वारा संयुक्त रुपमा लगानी गरिएको परियोजना हो । यस परियोजनाले स्वच्छ पिउने पानी, सरसफाइ, स्वच्छता र पोषणमा व्यवहार परिवर्तनका अतिरिक्त आयआर्जन मार्फत जीविकोपार्जन प्रवर्द्धन, सहकारी विकास तथा नवीकरणीय उर्जा लगायतका क्षेत्रमा स्थानीय सरकार तथा समुदायलाई सहयोग गर्दछ। यो परियोजना सुदूरपश्चिम तथा कर्णाली प्रदेशका दश जिल्लाका २७ वटा लक्षित गाउँपालिकाहरु सहित विभिनन ६४ वटा स्थानीय तहहरुमा काम गरिरहेको छ। यसका अतिरिक्त स्थानीय सरकारहरुको क्षमता विकास यस परियोजनाको महत्वपूर्ण कार्यक्षेत्र रहेको छ।

परियोजनाको समग्र उद्देश्य (Overall Objectives) परियोजना कार्यरत क्षेत्रको बहुआयामिक गरिबीलाई न्यूनीकरण गर्ने तथा उपभोक्ताहरुको स्वास्थ्य अवस्थामा सुधार गर्नु रहेको छ । परियोजना अवधिभित्रमा ३५१,००० जनतालाई आधारभूतस्तरको खानेपानी सुविधा उपलब्ध गराउने, ५४,००० जनसंख्यालाई सिँचाई सुविधा उपलब्ध गराउने, २१,००० जनसंख्यालाई लघुजलविद्युतको सुविधा उपलब्ध गराउने रहेको छ। यसका साथै १७०,००० भन्दा बढि जनताले सुधारिएको चुल्हो र सुधारिएको पानी घट्ट मार्फत सुविधा हासिल गर्नेछन् भने २७५,००० जनताले घरबारी व्यवस्थापन गर्नेछन् र ६०,००० जनसंख्याले कृषि व्यवसाय र घरेलु उद्योग मार्फत आयआर्जनका अवसरहरु सिर्जना गर्नेछन्। परियोजनाको कार्यपद्धति तथा अवधारणाहरु स्थानीय सरकारको कार्यपद्धतिसँग एकाकार भएका छन् र परियोजना स्थानीय सरकारहरुले नै कार्यान्वयन गर्दछन्।

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाले महिनावारी भएको समयमा महिलाहरु सुरक्षित स्थानमा बस्न पाउनु पर्ने उनिहरुको मानव अधिकारलाई संरक्षण गर्ने र महिनावारी भएको अवस्थामा सरसफाइको अझ महत्व हुने भएकोले उक्त समयमा पानीको धारामा सहज पहुँचको वकालत गर्दछ। यस्तै महिनावारी भएको समयमा समेत सुरक्षित शौचालय प्रयोग गर्न पाउनुपर्दछ भन्ने आशयले विभिन्न जनचेतनामूलक कामहरु गर्दै आएको छ । मर्यादित महिनावारी स्वच्छताको विषयमा परियोजनाले गाउँपालिकाहरुसँग मिलेर विभिन्न अभियानहरु सञ्चालन गरिरहेको छ।

सामाजमा गहिरो रुपमा जरा गाडेर रहेका महिनावारी व्यवस्थापन सम्बन्धी जोखिमपूर्ण अभ्यासहरुलाई क्रमशः निर्मूल गर्न महिनावारी स्वच्छता व्यवस्थापन गर्दै महिनावारी भएको समयमा कसरी आफु स्वच्छ रहने र आफ्नो घर र समाजलाई कसरी स्वच्छ राख्ने भन्ने विषयमा परियोजनाले विषेश ध्यान दिएको छ। जसका लागि विद्यार्थीहरुको बाल क्लव, किशोरी सञ्जाल, आमा समूहहरु परिचालन गरिएको छ र यसले विस्तारै अपेक्षित नतीजा समेत देखाउन थालेको छ । क्रमशः मर्यादित महिनावारी व्यवस्थापनको विषय गाउँपालिकाहरुको कार्यक्रममा समावेश हुन थालेको छ। निर्णयमा महिला कार्यशाला गोष्ठीको माध्यमबाट महिलाहरुको महिनावारी स्वच्छता व्यवस्थापनको विषयमा विभिन्न कार्यक्रमहरु पहिचान गरी कार्यान्वयन गर्दै रहेको अवस्था रहेको छ । परियोजनाले महिनावारी स्वच्छतालाई सरसफाइ र पोषणसँगै जोडेर कार्यक्रम सञ्चालन गरिरहेको छ । जसमा विद्यालयमा महिनावारी मैत्री शौचालय जसमा प्याड फेर्ने ठाउँ र प्याड विसर्जन गर्ने उचित प्रवन्ध सहितको शौचालय निर्माणमा सहयोग गरिरहेको छ। विद्यालयमा प्याडको व्यवस्थापन (स्थानीय रुपमा तयार गरिएको वा बजारबाट खरिद गरिएको), विद्यालयको कार्ययोजना र तीन तारा प्राप्त गर्ने तर्फ कार्ययोजना केन्द्रीत रहेको छ। यस्तै समुदायस्तरमा महिनावारी स्वच्छता व्यवस्थापनलाई पूर्ण सरसफाइको सूचकको रुपमा स्थापित गरिएको छ। समुदायमा समेत महिलाहरुको लागि विभिन्न प्रकारका पुनः प्रयोग गर्न मिल्ने घरेलु स्यानिटरी प्याडहरु बनाउने तालिम दिई उत्पादन भईरहेको छ।

यसै सन्दर्भमा परियोजना सञ्चालित गाउँपालिकाहरुमा मर्यादित महिनावारी स्वच्छता सम्बन्धमा सञ्चालन हुने कार्यक्रमहरुमा एकरुपता ल्याउने तथा महिनावारी स्वच्छताका विषयमा कार्ययोजना समेत तयारी गरि सबै गाउँपालिकाहरुलाई एकै प्रकारले परियोजनाले सहयोग उपलब्ध गराउन सक्ने वातावरण बनाउने उद्देश्यले मिति २०७६ माघ २७ र २८ गते सुदूरपश्चिम प्रदेश सभाका माननीय उपसभामुखको प्रमुख आतिथ्यता र दिपायल सिलगढी नगरपालिकाका नगर प्रमुखको अध्यक्षतामा परियोजना सञ्चालित विभिन्न गाउँपालिकाका उपाध्यक्षहरुको सहभागितामा मर्यादित महिनावारी व्यवस्थापन कार्यशाला गोष्ठी आयोजना गरिएको थियो। उक्त कार्यशालामा साझा प्रतिबद्धता सहितको घोषणापत्र समेत तयार गरिएको छ।

उक्त कार्यशालाको अवसरमा उपस्थित गाउँपालिका उपाध्यक्षहरुले परियोजना सम्बन्धमा व्यक्त गर्नुभएको विचारको सारांशलाई संग्रह गरेर धनगढी घोषणापत्र समेत संलग्न राखी यो सामाग्री तयार गरिएको छ। यसमा उल्लेख भएका विचारहरुको भिडियो प्रती परियोजनामा सुरक्षित रहेको छ।

RVWRMP



हाम्रो समाजमा जोखिमपूर्ण रुपमा रहेको महिनावारीलाई मर्यादित व्यवस्थापन गर्ने अभियान परियोजनाले शुरु गरेकोमा म अत्यन्त खुशी छु र परियोजनालाई धन्यवाद दिन चाहन्छु । यो सुदूरपश्चिमको मात्र समस्या होईन, महिनावारी बार्ने समस्या विश्वभरी छ । परापूर्बकालमा त्यतिबेलाको आर्थिक तथा सामाजिक अवस्थाको कारणले शुरु गरिएको यो प्रचलन धर्म र संस्कारको रुपमा जोडिएको कारणले एउटा कुसंस्कारको रुपमा विकसित भएको छ र महिला आफैँले यसको समाधानको लागि लाग्न जरुरी छ । संघीयता कार्यान्वयन पश्चात हामीले धेरै अधिकार पाएका छौं र यी अधिकारहरुको समुचित प्रयोग गर्दै यस्ता कुरीति र कुसंस्कारहरुको अन्त्य गर्नको लागि गाउँपालिका उपाध्यक्षहरुले नेतृत्व लिन आवश्यक भएको छ ।

*माननीय निर्मला बडाल जोशी, उपसभामुख, सुदूरपश्चिम प्रदेश सभा*



संघ, प्रदेश र स्थानीय सरकार एकै डुङ्गाका यात्रीहरु हुन् । महिलाहरु नेतृत्वको लागि सक्षम हुँदा हुँदै पनि पर्याप्त अवसरहरु पाएका छैनन् । नेपालमा महिलाहरुले विभिन्न आन्दोलन र सामाजिक अभियानको सफल नेतृत्व गरेको इतिहास छ । समाजमा व्याप्त कुरीतिहरु निर्मूल गर्नको लागि महिलाहरु आफैं नेतृत्वमा आउनु पर्दछ । महिलाहरुको नेतृत्वमा हुने समाज परिवर्तनको अभियानमा र निर्मित कानूनहरुको पालनाको लागि समेत पुरुष नेतृत्वले महिलाहरुलाई सहयोग गर्नुपर्दछ । राजनितिक दलहरुले समेत महिलाहरुलाई विषेश प्राथमिकता दिनुपर्दछ ।

*मञ्जु मलासी, प्रमुख दिपायल सिलगढी नगरपालिका, डोटी*

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना तुर्माखाँद गाउँपालिकामा लागू भएपछि विकास निर्माणको काममा महिलाहरु नेतृत्व लिनको लागि सक्रिय भएका छन् । योजना सञ्चालनमा परियोजनाले लागू गरेको अनिवार्य सहभागिता र नेतृत्वको कारणले निर्णायक तहमा महिलाहरुको पनि अधिकार र भूमिका रहेछ भन्ने कुरा महशुस गरेका छन् । महिलाहरु नेतृत्व लिनको लागि उत्साहित भएको अवस्था छ र महिलाहरुले परियोजनाबाट यस सम्बन्धमा धेरै ज्ञान र सीप हासिल गरेका छन् । परियोजना कार्यान्वयन पश्चात महिलाहरुको चेतनास्तरमा धेरै परिवर्तन भएको अवस्था छ ।

*अमृता बुढा, उपाध्यक्ष, तुर्माखाँद गाउँपालिका, अछाम*





अनुगमन समितिको संयोजकको हैसियतले मैले परियोजना सञ्चालित धेरै योजनाहरु अनुगमन गर्दा योजनाहरुमा प्रयोग भएका सामग्रीहरु तथा कामको गुणस्तर धेरै राम्रो रहेको पाएकी छु । परियोजना र गाउँपालिकाले धेरै कामहरुमा सहकार्य गरेका छन् । परियोजनाबाट सञ्चालित योजनाहरुमा दिगोपना देखिएको छ । हाम्रो गाउँपालिकामा धेरै राम्रो काम भएको छ । नौमूले बजारमा मिटर सहितको नीजि धारा प्रणाली लागू गरिएको छ, जसले गर्दा महिलाहरुलाई महिनावारीको समयमा सरसफाइ गर्न समेत सहज भएको छ ।

*अमृता सिंह, नौमूले गाउँपालिका, दैलेख*

विभिन्न आमभेलाहरु, सार्वजनिक परिक्षण कार्यक्रम तथा उपभोक्ता समिति गठनमा समेत परियोजनाको कम्तिमा ७५% घरधुरी र ५०% महिलाको अनिवार्य उपस्थिति र प्रतिनिधित्वको प्रावधानले गर्दा महिलाहरुको आत्मविश्वास तथा सम्मानमा बृद्धि भई नेतृत्व विकास समेत भएको छ । योजनाहरुमा गरिने सार्वजनिक परिक्षण र तालिम कार्यक्रमहरुमा समेत खाजा, स्टेशनरी आदि तालिम खर्चको सार्वजनिक परिक्षण गर्ने कार्यबाट म अत्यन्त प्रभावित भएकी छु । परियोजना मार्फत काम गर्ने कर्मचारीहरु मेहनती र इमान्दार छन् जसले गर्दा योजनामा गुणस्तर तथा दिगोपना कायम भएको छ र समुदाय समेत अत्यन्त खुशी छन् ।

***उर्मिला बोहरा, उपाध्यक्ष, अपिहिमाल गाउँपालिका, दार्चुला***





परियोजनाको सहयोगले महिलाहरु आफ्नो निर्णय आफैं गर्न सक्ने भई आत्मनिर्भर हुँदै गएका छन् । महिलाहरु आफ्नो लागि योजना माग गर्न सक्ने भएका छन् । परियोजनाको प्रावधानले गर्दा महिलाहरुको उचित सहभागिता हुने गरेको छ । महिलाहरुको आयआर्जनमा सहयोग भएको छ र सुधारिएको चुल्हो, कृषि र सरसफाइ प्रत्यक्ष रुपमा महिलालाई फाइदा पुग्ने विषयहरुको कार्यान्वयनले महिलाहरु लाभान्वित भएका छन् । महिनावारी स्वच्छता व्यवस्थापनको अभियानले महिलाहरुले परम्परागत कुरीतिहरु छोड्दै नियमित चर्पीको प्रयोग गर्ने तथा महिनावारीको समयमा सफा रहने गर्दछन् ।

**कलावती भाँड, उपाध्यक्ष, अजयमेरु गाउँपालिका, डडेल्धुरा**

जलउपयोग गुरुयोजनाले स्पष्ट प्राथमीकता तय गरेकोले योजना छनौटमा कुनै विवाद नभई विपन्न तथा पिछडिएको वर्गले सेवा पाउने वातावरण भएको छ । चरणवद्ध कार्यपद्धति र अनुगमनले राजनैतिक भेदभाव र समितिमा आफ्नो मान्छे राख्ने सम्भावना हटाएको छ, जसले गर्दा सामाजिक सद्भाव समेत कायम गरेको छ । तालिम र सार्वजनिक परिक्षणको कारणले सबै उपभोक्ताले योजनाको हिसाब किताब थाहा पाउने हुनाले योजनामा अपनत्व समेत वृद्धि भएको छ । सबै खालका योजनाहरुमा यस्तै पद्धति स्थापना गर्न पाए पारदर्शि तरिकाले योजना सञ्चालन गर्न सकिने थियो ।

***कुश्मा चन्द, उपाध्यक्ष, शिवनाथ गाउँपालिका, बैतडी***





घरमा पानी ल्याउने काम महिलाहरुले नै गर्नुपर्दछ । पानी टाढा भए महिलाहरुलाई नै दुःख हुन्छ, महिलाको स्वास्थ्य पनि बिग्रीन्छ । नौगाड गाउँपालिकामा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाले पानीको धेरै दुःख भएका ठाउँहरुमा खानेपानी पुर्‍याई सकेको छ । वडा नं. १ र २ मा सम्पन्न भई सकेको छ भने वडा नं. ५ र ६ मा योजना निर्माण भइरहेको छ । परियोजनाले बनाएका योजनाहरु धेरै बलिया छन् । सरसफाइ र जीविकोपार्जनका कार्यक्रमहरुले महिलाहरुलाई प्रत्यक्ष फाइदा पुगेको छ । महिला र बालबालिकाको स्वास्थ्यमा समेत सकारात्मक असर परेको छ ।

***गौरी देवी ठगुन्ना, उपाध्यक्ष, नौगाड गाउँपालिका, दार्चुला***

परियोजनाले अबलम्बन गरेको बाह्य निर्माण सामग्री खरिद प्रकृयाबाट गाउँपालिकाले धेरै कुरा सिकेको छ । सिलबन्दी कोटेशन मार्फत सहभागितात्मक तथा पारदर्शी रुपमा गरिने खरिद प्रकृया अत्यन्त प्रभावकारी रहेको छ । यसले अवलम्बन गरेको चरणवद्ध कार्यपद्धतिले सबैको सहभागिता सुनिश्चित गरेको छ । परियोजनाको यस पद्धतिले योजना क्षेत्रका सबै महिलाहरुले योजनाको प्रगति तथा आयव्ययको वारेमा जानकारी पाएका छन् । गाउँपालिकाले परियोजनाको खरिद प्रकृया र सार्वजनिक परिक्षण पद्धतिलाई सबै योजनाहरुमा लागू गरेका छौं ।

**चन्द्रा रेग्मी, उपाध्यक्ष, भगवतीमाई गाउँपालिका, दैलेख**





परियोजनाको सहयोगमा तयार भएको जलउपयोग गुरुयोजना तथा जीविकोपार्जन कार्यान्वयन योजनाले तय गरे बमोजिम गाउँपालिकाका विभिन्न वडाहरुमा त्यहाँको सम्भाव्यता अनुसार जीविकोपार्जन कार्यक्रम तर्जुमा गरी कार्यान्वयन शुरु गरेका छौं । तरकारी खेती, पशुपालन, अल्लो प्रशोधन, सिलाइ कटाई, कुखुरा पालन जस्ता कार्यक्रमहरुबाट महिलाहरुले प्रत्यक्ष फाइदा पाएका छन् । हिजो अरुको अगाडी बोल्न डराउने महिलाहरुले अहिले आयआर्जनको कामको नेतृत्व लिएका छन् । तरकारी खेती गर्ने हरेक घरले एक सिजनमा कम्तिमा पनि ३०,००० आम्दानी गरिरहेका छन् ।

***जला कुमारी बिष्ट, उपाध्यक्ष, आलिताल गाउँपालिका, डडेल्धुरा***

तलकोट गाउँपालिकामा मर्यादित महिनावारी कार्यक्रमलाई प्रभावकारी बनाउन सबै विद्यालयहरुमा बाल सञ्जाल गठन गरिएको छ र गाउँपालिकास्तरमा समेत बाल सञ्जाल गठन गरेका छौं । त्यस्तै आमा समूह र किशोरी सञ्जाल मार्फत समेत महिनावारी स्वच्छताका अभियानहरु सञ्चालन भईरहेका छन् । नीजि धारा, चाङ् र जुठ्यानको व्यवस्थाको कारणले महिलाहरुलाई धेरै सजिलो भएको छ । खेर गएको पानीबाट तरकारी उत्पादन भएको छ र महिलाको पोषणको अवस्था राम्रो भएको छ । फिल्डमा काम गर्ने कर्मचारीहरु इमान्दार, अनुशासित र मर्यादित छन् ।

***धनलक्ष्मी खत्री, उपाध्यक्ष, तलकोट गाउँपालिका, बझाङ्ग***





परियोजनाको सहयोगमा हाम्रो गाउँपालिकामा स्थापित उज्यालो साना किसान सहकारीमा हाल १००० भन्दा बढि शेयर सदस्यहरु छन र ३ करोड ५२ लाख बचत रहेको छ । सहकारीबाट महिलाहरुले तरकारी खेती र पशुपालनको लागि ऋण लिएका छन् जसले गर्दा महिलाहरुको आय आर्जनको बाटो खुलेको छ । सहकारीले दुध समेत संकलन गर्न आरम्भ गरेकोले महिलाहरुको आम्दानी बढेको छ । उपभोक्ता समितिहरुले मर्मत सम्भार कोष सहकारीमा नै बचत गर्दछन् र सहकारीले समेत आपतकालिन मर्मत सम्भारको लागि अलग्गै कोषको व्यवस्था गरेको छ ।

***पदम कुमारी बिष्ट, उपाध्यक्ष, भैरबी गाउँपालिका, दैलेख***

अनुगमन संयोजकको रुपमा मैले सम्बन्धित कर्मचारी समेत भएर धेरै योजनाहरुको अनुगमन गरेको छु । ग्रामीण जलस्रोत परियोजनाले बनाएका योजनाहरु गुणस्तरीय रहेका छन् । योजनाको अन्तिम अनुगमन गर्दा हामीले पाइपलाइनको गहिराई, संरचनाको गुणस्तर, योजनाको आय व्यय हिसाब किताब सबै हेर्ने गर्दछौं । अनुगमनको क्रममा कुनै काम गुणस्तरको नभएमा, सम्पन्न नभएको पाइएमा उक्त कार्यहरु सम्पन्न गर्न समितिलाई म्याद दिन्छौ र त्यो पश्चात मात्र अन्तिम किस्ता भुक्तानीको लागि सिफारिस गर्दछौं । परियोजना अन्तर्गत भएका कामहरुमा पारदर्शिता कायम भएको छ, उपभोक्तारुले अपनत्व लिएका छन् र योजनाहरु दिगो रहेका छन् ।

***पदम बहादुर बोहरा, उपाध्यक्ष, भागेश्वर गाउँपालिका, डडेल्धुरा***





परियोजना पहिलो चरण लागू हुनु भन्दा पहिला हाम्रो गाउँघरमा भारतीय रुपैंयाको नै प्रचलन थियो, परियोजनाले योजनाको काम शुरु गरेपछि मात्र कतिपयले नेपाली रुपैयाँ देख्न पाएका हुन् । हामीलाई नेपाली भएको आभाष यसै परियोजनाले गराएको हो । परियोजनाले सञ्चालन गरेका विभिन्न सीप विकास तथा क्षमता विकासका तालिमहरुले गर्दा पिछडिएको वर्ग र महिलाहरुमा जनचेतना अभिवृद्धि भएको अवस्था छ । सहकारीको विकासले महिलाहरुमा बचतको बानी बसेको छ र महिलाहरु क्रमश: आत्मनिर्भर बन्दै गएका छन् । घरबारी व्यवस्थापनको कारणले गर्दा महिलाहरुले हरियो सागसब्जी खान थालेका छन् र पोषणको अवस्थामा धेरै सुधार भएको छ ।

***बिना भट्ट, उपाध्यक्ष, पञ्चेश्वर गाउँपालिका, बैतडी***

मैले योजनाहरुको अनुगमन गर्दा प्राविधिकहरुलाई समेत लिएर जान्छु र स्टीमेट अनुसार काम सम्पन्न भए नभएको राम्रो सँग हेर्ने गर्दछु । यसका साथै कामदारहरुले पैसा पाएको नपाएको तथा उपभोक्ता समितिहरुले लिन र तिर्न बाँकी रहेको हिसाबको समेत निरिक्षण गर्दछु । यो सबै विषयहरुमा उपभोक्ताहरुको आमभेलामा छलफल गरीसकेपछि उपभोक्ताहरुकै निर्णय बमोजिम भुक्तानीको लागि सिफारिस गर्दछु, कुनै काम अधुरो भए फेरि गर्न लगाउँछु । योजना क्षेत्रमा तरकारी लगाउने गरिएको छ र खाएर बचेको तरकारी बेचेर केहि रुपमा आम्दानी समेत हुने गरेको छ । तरकारी खाने बानीको विकासले महिला र बालबच्चाको स्वास्थ्य पनि राम्रो भएको छ ।

***बिस्ना देवी सिंह, उपाध्यक्ष, सायल गाउँपालिका, डोटी***





गाउँमा सरसफाइमा आएको परिवर्तनले महिलाको जीवनमा धेरै परिवर्तन भएका छन् । हामी वडा नं. १ लाई पूर्ण सरसफाइ वडा घोषणा गर्ने योजनामा छौं । महिलाहरुमा सरसफाइ र पोषणमा सकारात्मक सोचको विकास भएको छ । परियोजनाको सहयोग प्राप्त भएपछि फोहर फाल्ने खाडल, खेर गएको पानीबाट तरकारी उत्पादन र तरकारी खाने बानीको विकास भएको छ । महिलाहरुले आफैं आफ्नो छाउगोठ भत्काएका छन्, आफैं छाउगोठ भत्काउनेलाई ५००० पुरस्कार दिने निर्णय गरेका छौं । जसको लागि बालक्लवको टोली बनाएर हामीले अनुगमन गर्ने गरेका छौं । विद्यार्थीहरु मार्फत घरघरमा चेतना जगाउन सजिलो भएको छ ।

***भगवती देवी बम, उपाध्यक्ष, बोगटान फुड्सिल गाउँपालिका, डोटी***

RVWRMP

परियोजनाको सहयोग पश्चात हाम्रो गाउँको वातावरणमा ठूलो परिवर्तन भएको छ । नीजि धारा, लैंगिक मैत्री शौचालय, स्यानीटरी प्याडको व्यवस्था र भेण्डीङ्ग मेशीनले महिनावारी भएको बेलामा सफा रहन सहयोग गरेको छ । फोहर फाल्ने खाडलको व्यवस्थाले जतातत्तै प्लाष्टिक देखिने समस्या हटेको छ । समुदायस्तरमा चाङ्ग, जुठ्यान र हात धुने साबुन र पानीको व्यवस्थाले गर्दा घरको वातावरण समेत सफा भएको छ । हरेक घरमा घरबारी व्यवस्थापन भएको छ र सबै जनताहरु खुशी छन् । अब हामी गाइगोठलाई अलग्गै राख्ने र गोठेमलको व्यवस्थापनमा लागेका छौं ।

***राधिका कुमारी रताला, उपाध्यक्ष, छबिस पाथिभेरा गाउँपालिका, बझाङ्ग***







घृणाको हिसाबले हेरिने महिनावारीबाट विभेदित महिलाहरुलाई मर्यादित महिनावारी व्यवस्थापन गरी सम्मानजनक रुपमा बाँच्ने सन्देश गएको छ । धेरै परिवर्तन भएता पनि अझै पूर्ण सफल हुन सकिएको छैन । रामारोशन वडा नं. ५ मा १३०० घरधुरी सबैमा छाउगोठ हटाई सकिएको छ । महिलाहरुले आफ्नो सुरक्षा महशुस गरी आत्मविश्वास र नेतृत्व विकास गर्दैगएका छन् । स्यानीटरी प्याडको उपलब्धता र आमा समूह मार्फत तालिम पनि दिइरहेका छौं । मर्यादित महिनावारी व्यवस्थापनको लागि गाउँपालिकाबाट बजेट समेत व्यवस्था गरेका छौं ।

***सरस्वती रावल, उपाध्यक्ष, रामारोशन गाउँपालिका, अछाम***

पहिला पहिला स्थानीय निकायमा महिला र बालबालिकाको लागि आउने बजेटको बारेमा महिलालाई थाहा नै हुदैनथ्यो, कुनै पारदर्शिता थिएन । निर्णयमा महिला गोष्ठी मार्फत हामीले महिलाका समस्या पहिचान गरी महिलाबाट नै योजना तर्जुमा गर्न लगायौं र पारदर्शि रुपमा कार्यक्रम कार्यान्वयन गरिरहेका छौं । महिलाहरुको अनिवार्य सहभागिताको परियोजनाको नीतिले महिलाहरुमा धेरै चेतना अभिवृद्धि भएको छ र उनिहरु आयआर्जन, सहकारी विकासमा सक्रिय सहभागि भएका छन् । अझ महत्वपूर्ण कुरा त महिलाले आफ्नो अधिकारको बारेमा बुझ्न थालेका छन् र आफ्नो अधिकारका लागि आवाज उठाउन सक्ने भएका छन् ।

***सीता थापा, उपाध्यक्ष, गौमूल गाउँपालिका, बाजुरा***



# मर्यादित महिनावारी व्यवस्थापनका लागी धनगढी घोषणा पत्र -२०७६

नेपालको संबिधानको धारा ३८ मा प्रत्येक महिला लाई लैङ्गीक भेदभाव बिनाको समान र बंशीय हकका साथै धार्मिक साँस्कृतिक र सामाजिक परम्पराका आधारमा शारीरिक मानसिक र यौन शोषण दण्डनीय हुने प्रावधान रहेको छ । मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १६८ मा अपमानजनक र अमानवीय व्यवहार गर्न नहुने साथै रजस्वला वा सुत्केरी अवस्थामा छाउ गोठमा राखी भेदभाव र अमानवीय व्यवहार गर्न नहुने र गरेमा सोहि दफाको उपदफा ३ बमोजिम सजायको व्यवस्था समेत गरेको छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ को गाउँपालिका / नगरपालिका को काम कर्तब्य र अधिकार अन्तर्गत उप दफा २ ग को ३२ मा छाउपडी जस्ता सामाजिक कुरीति र अन्ध बिश्वास अन्त्य गर्ने गराउने व्यवस्था गरेको छ । यिनै प्रावधानहरुको पालना गर्दै सामाजिक विकास प्रकृयालाई दुरुस्त राखी दिगो विकास लक्ष्य प्राप्तिका सन्दर्भमा मिति २०७६ माघ २७ र २८ गतेका दिन परियोजना सञ्चालित गाउँपालिकाका उपाध्यक्षज्यूहरुको सुदूरपश्चिम प्रदेशका प्रदेश सभाका माननीय उप सभामुख ज्यूको प्रमुख आतिथ्यता तथा दिपायल सिलगढी नगरपालिकाका नगर प्रमुख ज्यूको अध्यक्षतामा मर्यादित महिनावारी व्यवस्थापन कार्यशाला गोष्ठी मार्फत "स्वच्छता, सुरक्षा र आत्म-सम्मान, मर्यादित महिनावारी व्यवस्थापन" हाम्रो अभियान भन्ने मूल नारा तय गरी धनगढी घोषणा-पत्र जारी गरि हाम्रै नेतृत्वमा पूर्ण रुपमा कार्यान्वयन गर्ने प्रतिबद्धता सहित यो धनगढी घोषणा पत्र जारी गरेका छौ ।

१. दिगो विकास लक्ष्य अनुसार स्थानीय तह, प्रदेश र संघ स्तरमा निर्धारण गरिएका लक्ष्यहरु पुरा गर्ने सन्दर्भमा बनेका नीति, निर्देशिका, कानून, कार्यविधिहरुको पूर्ण पालना गर्दै सो लक्ष्य पूरा गर्न आफ्नो स्थानीय तहमा मर्यादिन महिनावारी व्यवस्थापन सम्मेलन गरी लक्ष्य निर्धारण र रणनीतिक योजना तयार गर्नेछौं र आगामी दुई वर्ष भित्र पूर्ण सरसफाइयुक्त र छाउगोठमुक्त स्वच्छता कायम गर्न प्रतिवद्ध छौं ।

२. मर्यादित महिनावारी व्यवस्थापनको सवाल सबैको सरोकारको रुपमा लिंदै आफ्नो नेतृत्वमा मर्यादित महिनावारी व्यवस्थापनको अभियान सञ्चालन गरी आवश्यक श्रोत व्यवस्थापनका लागि योजनाबद्ध रुपमा स्थानीय तह, प्रदेश र संघसंग पहल गर्नेछौ ।

३. छाउगोठमा बस्ने प्रथाको प्रत्यक्ष मारमा महिला तथा किशोरी परेको हुँदा "जसको सवाल, उसकै नेतृत्व" भन्नेमा सहमत हुँदै बालक्लब, किशोरी सञ्जाल र महिलाहरुकै नेतृत्व तथा सहभागितामा विद्यालय र समुदायमा एकिकृत रुपमा यो अभियान सञ्चालन गर्नेछौं ।

४. परिणाममुखी र दिगो परिवर्तनमा विश्वास राखी नमूना घर, नमूना समुदाय र नमूना विद्यालय हुँदै वडा र गाउँपालिका/नगरपालिकालाई मर्यादित महिनावारी व्यवस्थापनयुक्त क्षेत्र बनाउन पूर्ण सरसफाइका सुचकहरु सगै स्थानीय तहमा मर्यादित महिनावारि व्यवस्थापनका सूचकहरु तयार गरी लागु गर्नेछौं ।

५. पूर्ण सरसफाइ तथा मर्यादित महिनावारी व्यवस्थापन अभियानलाई सामाजिक दायित्व, आत्मसम्मान र दिगो विकासको अपरिहार्यताको रुपमा लिई "पूर्ण सरसफाइ र महिनावारी स्वच्छता बार्षिक कार्ययोजना" तयार गरी आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रममा यो विषयलाई समावेश गरी आवश्यक आर्थिक स्रोत व्यवस्थापन गर्न पहल गर्नेछौं ।

६. गाउँपालिका/नगरपालिकामा कार्यरत विकास साझेदारहरुको सूची तयार पारी स्थानीय तहमा विकास साझेदार डेस्क बनाउने छौं । मर्यादित महिनावारी ब्यवस्थापन र पूर्ण सरसफाइ तथा स्वच्छतामा साझा अवधारणा विकास गरी अगाडी बढ्ने छौं ।

७. खानेपानी सरसफाइ स्वच्छता तथा मर्यादित महिनावारी व्यवस्थापन क्षेत्रका ज्ञान, अनुभव तथा सिकाईहरुको आदान प्रदान गर्न स्थानीय तहमा श्रोत केन्द्रको स्थापना गरी अन्तरक्रिया, कार्यशाला, सूचना व्यवस्थापन, प्रकाशन आदि सम्पादन गरी सञ्चारकर्मी सँगको सहकार्यलाई प्राथमिकता दिनेछौं ।

८. मर्यादित महिनावारी व्यवस्थापनको अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि आवश्यक पर्ने मानव संसाधन तथा क्षमता विकासको विश्लेषण गरी आवश्यक रणनीति तर्जुमा गरी कार्यान्वयन गर्नेछौं ।

घोषणा पत्रमा हस्ताक्षर गर्ने गाउँपालिका उपाध्यक्षहरु :

| सरस्वती रावल<br>रामारोशन, अछाम | अमृता बुढा<br>तुर्माखाँद, अछाम | पार्बती राना<br>डिलासैनी, बैतडी |
|---|---|---|
| बिना भट्ट<br>पञ्चेश्वर, बैतडी | कुश्मा चन्द<br>शिवनाथ, बैतडी | धनलक्ष्मी खत्री<br>तलकोट, बझाङ्ग |
| राधिका कुमारी रताला<br>छबिस पाथिभेरा, बझाङ्ग | गङ्गु देवी खडायत<br>थलारा, बझाङ्ग | सीता थापा<br>गौमूल, बाजुरा |
| मीमा बुढा<br>स्वामिकार्तिक खापर, बाजुरा | कलावती भाँड<br>अजयमेरु, डडेल्धुरा | पदम बहादुर बोहरा<br>भागेश्वर, डडेल्धुरा |
| जला कुमारी बिष्ट<br>आलिताल, डडेल्धुरा | चन्द्रा रेग्मी<br>भगवतीमाई, दैलेख | पदम कुमारी बिष्ट<br>भैरबी, दैलेख |
| अमृता सिंह<br>नौमूले, दैलेख | उर्मिला बोहरा<br>अपिहिमाल, दार्चुला | बागमती ठगुन्ना<br>मार्मा, दार्चुला |
| गौरी देवी ठगुन्ना<br>नौगाड, दार्चुला | बिस्ना देवी सिंह<br>सायल, डोटी | भगवती देवी बम<br>बोगटान फुड्सिल, डोटी |
| इन्द्रा बोहरा<br>बडिकेदार, डोटी | दिपा साउंद<br>चुरे कैलाली | पुजा देवी बुढामगर<br>मोहन्याल, कैलाली |

**सम्पर्क:**

**परियोजना सहयोग इकाई :**
अमरगढी नगरपालिका –५ , डडेल्धुरा
सुदूरपश्चिम प्रदेश ,नेपाल
फोन- ९७७ + :९६ ४१०४१४/४१०४१३-
फ्याक्स- ९७७ + :९६-४१०४१५
ईमेल: info@rvwrmp.org.np

**सम्पर्क कार्यालय:**
मानभवन, जावलाखेल, ललितपुर नेपाल ,
फोन- ९७७ + :१- ५५५०६२८ ५५४३३०१/
फ्याक्स५५-१-९७७ + :२१४१७

www.rvwrmp.org.np

**प्राविधिक सहयोग इकाईहरु : अछाम, बैतडी, बझाङ्ग, बाजुरा, डडेल्धुरा, दैलेख, दार्चुला, डोटी, हुम्ला र कैलाली**

"यो दस्तावेज युरोपेली संघ र वैदेशिक मामिला मन्त्रालय, फिनल्याण्ड समेतको आर्थिक सहयोगमा उत्पादन गरिएको हो। यसमा व्यक्त गरिएका दृष्टिकोणहरुले युरोपेली संघ वा वैदेशिक मामिला मन्त्रालय, फिनल्याण्डको आधिकारिक धारणा प्रतिबिम्बित गर्दैन।"